# राधा उपन्यासमा पितृसत्ता

**महेन्द्र वाग्ले**
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, ललितपुर
sajalwagle@gmail.com

## सार

*प्रस्तुत लेखमा पितृसत्ताको सैद्धान्तिक कोणबाट कृष्ण धरावासीद्वारा रचित 'राधा' उपन्यासको विश्लेषण गरिएको छ । पितृसत्ता नारीवादी समालोचनाको लैङ्गिक अध्ययनअन्तर्गत पर्छ । पितृसत्तात्मक दृष्टिकोणले नारीमा भएको अन्याय, अत्याचार, पीडा तथा असमानता, विद्रोह र अस्तित्वसँग सम्बद्ध विषयको विश्लेषणमा जोड दिन्छ । 'राधा' उपन्यासमा अभिव्यञ्जित विचार मूलतः पुराणमा महत्त्व नदिएका राधा, कुन्ती, द्रौपदी, एकनंशा जस्ता पात्रहरूद्वारा प्रस्तुत गरिएको छ । यस उपन्यासमा समाजमा पुरुषसत्ताको प्रभाव रहेको, पुरुषसत्ताका कारणले नारीलाई अधीनस्थ बनाइएको, पुरुषकेन्द्री सामाजिक मूल्यमान्यताका आडमा नारीलाई अन्याय, अत्याचार गरी उपभोग गरेको र समाजमा नारीले आफ्नो अस्तित्वरक्षाका लागि विद्रोही हुनुपरेको विचार कहीँ प्रत्यक्ष र कहीँ अप्रत्यक्ष रूपमा अभिव्यञ्जित छ । यसमा नारीका विद्रोही विचारहरूले नवीन मूल्यमान्यतालाई उद्घाटित पनि गरेका छन् । 'राधा' उपन्यासमा प्रस्तुत पितृसत्तात्मक विचारधारासँग सम्बन्धित विषयको विश्लेषण गर्ने उद्देश्यमा यो लेख केन्द्रित छ । यसमा उपन्यासको विश्लेषणबाट पितृसत्तात्मक प्रभावका कारण नारी पीडित भएको र त्यसका विरुद्ध नारी स्वतन्त्रताको पक्षमा चेतना जागृत भएको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अधीनस्थ, अस्तित्व, अस्तित्वरक्षा, भोगवादी, सहमतीय पद्धति

## १. विषयपरिचय

साहित्यकार कृष्ण धरावासीको वास्तविक नाम कृष्णप्रसाद भट्टराई हो । *बालक हराएको सूचना* (२०४८) निबन्ध सङ्ग्रह प्रकाशित भएपश्चात् नेपाली साहित्यलेखनमा देखा परेका धरावासी कवि, समालोचक, उपन्यासकारका रूपमा चर्चित छन् । उनको उपन्यास *राधा*ले २०६२ सालको मदन पुरस्कार प्राप्त गरेको थियो । नारीसँग सम्बद्ध विषयवस्तुका आधारमा । नारी समस्यालाई केन्द्रमा राखिएको *राधा* विनिर्मित उपन्यास हो । यसमा पौराणिक नारी पात्रलाई स्थान दिएर नारीका समस्यालाई नजिकबाट चित्रण गरिएको छ । नारीले असमानताका कारण भोग्नुपरेको दुःख, वेदना र पीडाका साथै नारीलाई अधीनस्थ बनाइएको विषय यसमा समावेश छ । नारीलाई विभिन्न किसिमका सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताका आधारमा पुरुषसत्ताले आफ्नो अनुकूल प्रयोग गर्दै आएका छन् । नारीलाई एक साधनको रूप ठान्ने पुरुषसत्तामा नारीले असमानता र पीडा अन्त्यका लागि आवाज उठाउन पनि असहज छ । यस उपन्यासमा पनि नारीको अधीनस्थ जीवनलाई नारी चरित्र राधा, विशाखा, सुशीला, एकनंशा र पिल्लीले भोग्नुपरेको परिस्थितिबाट देखाइएको छ । यसर्थ उपन्यासको विषय नेपाली समाजमा घटित हुन सक्ने परिस्थितिमा यौवनका रहर, इच्छा, आकाङ्क्षालाई पूर्ण रूपमा त्यागेर अस्तित्वहीन जीवन जिउन बाध्य नेपाली नारीको अवस्थासँग मेल हुने देखिन्छ ।

पितृसत्ता नारीवादी दृष्टिकोणको एक आधार हो । पितृसत्तात्मक विचारधाराका कारण नारीमा दुःख तथा असमानता निम्तिने गर्छ । यस उपन्यासमा पनि पितृसत्ताका कारण नारीले शारीरिक र मानसिक रूपमा पीडा भोग्नुपरेको छ । पौराणिक पात्रहरूको प्रयोगलाई मानवजीवनसँग जोड्दै नारी भएकै कारण पुरुषको अधीनमा रही सीमान्तीकृत जीवन बाँच्नुपर्ने विवशता छ। यस्तो विषयवस्तुले नारीवादी विचारको केन्द्रमा पितृसत्ताको अवस्थालाई सङ्केत गर्छ। अतः *राधा* उपन्यासमा पुरुषले नारीलाई उपभोग्य साधनका रूपमा हेर्ने र अधीनस्थ बनाउने विषय रहेको छ। हालसम्म पितृसत्ताका कोणबाट उपन्यासको विस्तृत अध्ययन र विश्लेषण नभएका कारण प्रस्तुत शोध गरिएको हो ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत लेखमा पितृसत्तासँग सम्बन्धित रहेर *राधा* उपन्यासको अध्ययन र विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषणमा नारीमा पितृसत्ताकेन्द्री विचारको प्रभाव, सहमतीय पद्धतिमा नारी, पितृसत्ताको विरोध र अस्तित्वरक्षामा नारी, पितृसत्तामा अधीनस्थ नारी, उपभोग्य साधनका रूपमा नारी, पितृसत्ताको सहमतीय पद्धतिमा नारी र उपभोग्य साधनका रूपमा नारी उपशीर्षकमा विभाजन गरिएको छ । यसमा कृष्ण धरावासीले रचना गरेको *राधा* उपन्यास प्राथमिक सामग्रीका रूपमा रहेको छ भने सैद्धान्तिक आधारसँग सम्बद्ध रहेका र उपन्यासको विश्लेषणलाई पुष्टिका लागि सहयोग गर्ने पूर्वाध्यानलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। यी सामग्री नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषाका प्रकाशित पुस्तक, अनुसन्धनात्मक लेख, समालोचना आदि रहेका छन् । पाठकपरक, विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरी तयार पारिएको यो लेख गुणात्मक प्रकृतिको भएकाले सोहीअनुसार अनुसन्धनात्मक पद्धति अवलम्बन गरी प्रामाणिक तुल्याइएको छ ।

नारीवादी दृष्टिकोण लैङ्गिक समालोचना पद्धतिको एक आधार हो । यस आधारभित्र पितृसत्ता पनि पर्छ तथापि यसलाई विविधतामा पनि हेर्न सकिन्छ । पितृसत्ताले शक्तिसँगको सम्बन्धलाई देखाउँछ । Pilcher and Whelehan (2004, p. 93) ले पितृसत्तालाई पुरुष प्रमुख भएको कुनै सामाजिक एकाइ भएको बताएका छन् । समाजमा पुरुषको प्रमुखता हुनु भनेको महिला, बालबालिका तथा अन्य लिङ्गहरूलाई पनि आफ्नो मातहतमा तथा स्वामित्वमा राख्नु हो । यो एक परम्परागत मान्यतामा आधारित भएर अगाडि बढेको हुन्छ। सामाजिक संरचनामा बाबुको वर्चस्व हुनु पितृसत्ता हो । यसमा पुरुषको प्रभुत्व कायम भएको हुन्छ ।

पितृसत्तामा पुरुषलाई सर्वेसर्वा ठानिएको हुन्छ र उसकै सामाजिक हैसियत उच्च भएको हुन्छ। यस्तो सामाजिक संरचनामा नारीलाई अधीनस्थ बनाइएको हुन्छ । बलराम आचार्य (२०६१) ले पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेको पारिवारिक संरचनालाई पितृसत्ता भनेका छन् (पृ. २६) । यस्तो पितृसत्ताले एकातिर सामाजिक संरचनामा भएका सबै तहमा उच्च स्थान ओगटेको हुन्छ भने अर्कोतर्फ सम्पत्तिमाथि पनि पूर्ण अधिकार स्थापित गरेको हुन्छ । त्यसैले यस्तो अवस्थामा लैङ्गिक असमानता कायम हुने गर्छ। यसको प्रभाव धर्म, संस्कृति, वर्ग, परिवेश, क्षेत्रमा पर्छ र यसले सामाजिकीकरण प्रक्रियालाई नै असर गर्छ। पितृसत्ताले विभिन्न आधारमा दमन तथा लैङ्गिक विभेद निम्त्याउने गर्छ। यसले मूलतः स्त्रीलाई सीमान्तीकृत तुल्याउँछ । समिरा लुइटेल (सन् २००८) का अनुसार पुरुष अधीनस्थ परिवार र समाज पितृसत्ता हो जहाँ महिलामाथि दमन, हिंसा, विभेद, असमान र नियन्त्रण गरिन्छ (पृ. २०७) । नारी असमानता तथा पितृसत्ताकै विरोधका रूपमा नारीवादी आन्दोलन देखिएको छ । यसले नारीमाथि विभिन्न तह, वर्ग, परिस्थितिमा हुने सबै किसिमको दमन, अन्याय र असमानताको विरोध गर्दछ।

मार्क्सवादका अनुसार पितृसत्ताकै आडमा आर्थिक उत्पादन र श्रमव्यवस्थामा पुरुषलाई प्रमुख स्थान प्रदान गरेर नारीमाथि दमन गरिन्छ। नारीवादी सिद्धान्तले आस्तित्विक परिचयको कल्पना गर्दछ र महिलाको तहगत परिचय निर्धारण गर्नुका साथै राजनीतिक प्रतिनिधित्वको वैधानिक स्थापनामा जोड दिन्छ (Butlar, 1990, p. 1) । यस अर्थमा परम्परागत पितृसत्ताले महिलाको परिचय निमिट्यान्न पारेको हुन्छ। त्यसविरुद्ध नारीलाई मुक्ति दिन तथा स्वअस्तित्व कायम गराउन नारीवाद जन्मिएको हो । यसमा नारी पक्षधरता हुन्छ । नारीका हक र समानताका पक्षमा आवाज उठाउँदा पुरुषसत्ताको पनि विरोध गरिन्छ । यो आवाज पुरुषसत्ता र असमान सामाजिक तथा सांस्कृतिक दमनको उपज पनि हो । छोरी जन्मँदा दुःखी हुने, पढेर के हुन्छ भन्ने, अन्य व्यक्तिसँग बोल्ने स्वतन्त्रता नदिने र नारीलाई बच्चा जन्माउने साधनका रूपमा हेरिन्छ। घरायसी जिम्मेवारी अझै पनि महिलाका कार्य क्षेत्रअन्तर्गत मुख्य रूपमा आयोजित हुन्छन् (Estrella, et al. 2019, p. 206) । छोरा जन्मँदा भोज गर्ने, उसका लागि शिक्षामा लगानी गर्ने, सबै ठाउँमा सरिक हुन र सबैसँग अन्तरक्रिया गर्न स्वतन्त्रता प्रदान गर्ने, पैत्रिक सम्पत्तिमा अधिकार सुनिश्चित गर्ने जस्ता असमान व्यवहार निर्माण हुनुमा पितृसत्ताको प्रमुख भूमिका हुन्छ। त्यसैले समाजमा पुरुषलाई बलवान्, देव, ईश्वरको रूप आदि ठान्ने र पुरुषकै स्वामित्वलाई स्वीकार गरिन्छ।

नारीहरू पितृसत्ताबाट आर्थिक, सामाजिक, राजनीतिक र मनोवैज्ञानिक रूपमा अधीनस्थ हुन्छन्। पितृसत्ताका कारण समाजमा सिर्जित लैङ्गिक भेद तथा त्यसका कारण महिला पुरुष समविकासमा बाधा पुगेको हुन्छ (घिमिरे, २०७८, पृ. १२२) । उनीहरूलाई शक्ति र समार्थ्यको प्रतीकका रूपमा नहेरी कोमल र नाजुक सामाजिक तथा सांस्कृतिक दृष्टिबाट व्यवहार गरिएको हुन्छ। यसैको आडमा पुरुषले एकाधिकार कायम गरेको हुन्छ। त्यति मात्र नभई पितृसत्ताले महिलालाई अन्य, वस्तु, सीमान्त र पुरुषवादी नियम र मानकबाट महिलामा अपूर्णता रहेको ठान्छ (खनाल, २०७५, पृ. ९–१०) । लिङ्गकेन्द्री पुरुषद्वारा निर्धारण गरिएको नारीको स्थान र परम्परागत मूल्यमान्यताका साथै पुरुषसत्ता तथा पितृसत्तात्मक विचारधाराको विरोध नारीवादी मान्यताले गर्छ। यसमा नारीका हकहित र स्वतन्त्रतालाई केन्द्रबिन्दु बनाइन्छ।

वर्तमान समाज पुरुषप्रधान छ । साहित्य समाज हेर्ने ऐना हो भनिन्छ तर यो ऐना पितृसत्ताबाट नियन्त्रित छ (त्रिपाठी, २०७८, पृ. २८) । फलतः स्त्री उपेक्षित, पीडित र शोषित छन्। पुरुषको प्रभुत्वका कारण नारीहरू उपभोगका वस्तु बनिरहे । नारीकेन्द्रित परिप्रेक्ष्यबाट नारीका अधिकार र समानताको पक्षधरता रहन्छ । युगौंदेखि स्थापित पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणाको विरोध तथा नारीसँग सम्बन्धित परम्परित मूल्यमान्यता र स्वरूपको विरोध पनि भएको छ र नारी अस्मिताका विषयलाई उठान पनि गरिएको छ। पितृसत्ताले नारीको स्वतन्त्र र स्वाधीन अस्तित्व स्वीकार गर्दैन (पन्त, २०७८, पृ. २२४) । त्यसैले वर्तमान परिवेशमा नारीजातिको अस्तित्वमा देखिएको सङ्कटको मूल कारण पितृसत्ता मानिएको छ। मूलतः नारीको पितृसत्ताबाट अपहेलित र घृणित जीवन तथा अन्याय र अत्याचारविरुद्धमा प्रत्येक नारीलाई आवाज उठाउन प्रेरित गर्ने र नारी स्वतन्त्रता अन्याय, अत्याचार, शोषण र दमनविरूद्व चर्को आवाज उठाउन नारीमुक्तिको आन्दोलनले सहयोग गर्छ।

वर्तमान परिपेक्ष्यमा नेपाली साहित्यमा पितृसत्ताका विषयमा बृहत् चिन्तन र समालोचनाको विकास भइरहेको छ। यसमा पुरुषका दुर्गुणलाई मात्र नियालेर होइन, सामाजिक, सांस्कृतिक, राजनीतिक पक्षहरूलाई पनि हेरिएको छ । पितृसत्ताले नारीलाई व्यक्तिगत र सामाजिक रूपमा मात्र नभएर ऐतिहासिक र सांस्कृतिक रूपमा पनि अधीनस्थ बनाइरहेको छ। विभिन्न सामाजिक, धार्मिक र संस्कारजन्य मूल्यमान्यताका आडमा नारीलाई कहिले सहमतीय रूपमा त कहिले दमन र बलको प्रयोगबाट उपभोगको साधन बनाएको छ। नारी चाहेर वा नचाहेर त्यही चेतनाको सिकार

भएकी छे जुन पितृसत्ताद्वारा निर्मित छ । नारीले लगाउने चुरा, पोते, सिन्दुर संस्कारका रूपमा विकास गरेझैँ अन्य विविध विषयलाई संस्कार र सहज स्वीकार्य विषयका रूपमा स्थापित गरी पितृसत्ताले नारीलाई अधीनस्थ बनाएको छ । यही आधारमा पितृसत्ताले नारीलाई अधीनस्थ बनाउने र नारीमा हुने दमन, शोषण र उत्पीडनका समेत कारक समेत बनेको छ । त्यसैले पितृसत्तात्मक अवधारणाको विरुद्धमा उठेका आवाज र विद्रोहको स्वर तथा स्वधीनता साथै स्वतन्त्रताका विषयहरू पनि पितृसत्ताका सैद्धान्तिक पक्षसँग सम्बद्ध रहेको मानिन्छ । यस अर्थमा पनि पितृसत्ताका विषयमा नारीवादी दृष्टिकोण मात्र नभएर फराकिलो आधारमा कृतिको विश्लेषणको आवश्यकता रहेको देखिन्छ । अतः पितृसत्ता पुरुषकेन्द्री विचार हो, अवधारणा हो । यस लेखमा पितृसत्ताको अवस्थालाई नारीवादी साथै अन्य विद्वान्‌हरूका विचारहरूको आधारमा अध्ययन गरिएको छ ।

## ३. राधा उपन्यासमा पितृसत्ताका विविध रूप

कृष्ण धरावासीको *राधा* उपन्यासमा पौराणिक विषयवस्तुलाई आधुनिक शैलीमा प्रस्तुत गर्न ईश्वरलाई मानवका रूपमा प्रस्तुत गरिएको छ । यसमा राधा र कृष्णको जीवनलाई विनिर्मित शैलीमा भित्र्याइएको छ । नारीका परिवर्तित रूपहरू समेटी उपन्यासमा नारी दृष्टिकोण सशक्त तुल्याइएको छ । उपन्यासमा नारीको अवस्थाको चित्रण गर्ने क्रममा पितृसत्ताको विषयलाई कहीँ प्रत्यक्ष त कहीँ अप्रत्यक्ष रूपमा सङ्केत प्राप्त भएका हुनाले यस कृतिलाई निम्नलिखित आधारमा विश्लेषण गर्न उपयुक्त हुन्छ :

### ३.१ नारीमा पितृसत्ताकेन्द्री विचारको प्रभाव

पौराणिक समयमा नारीलाई पुरुषको असमानताका कारण सीमान्तीकृत हुनुपरेको थियो । धार्मिक, सांस्कृतिक, सामाजिक आदि सबै पक्षमा पुरुषको एकाधिकार हुनु पितृसत्ताको प्रभाव थियो । यो अवस्था आज पनि छ । पुरुष केन्द्रमा छन् भने नारी किनारीकृत हुन पुगेका छन् । त्यसैले पुरुषको वर्चस्वले नारीका विचारहरूलाई सम्मान गर्न सकेको छैन । पुलिङ्ग केन्द्रीयताको फलस्वरूप धर्मसंस्कृति, परम्परा, कर्तव्य आदिका नाममा निर्धारण गरिएका फरक भूमिकामा महिला दबिँदै गए, पछाडि धकेलिँदै गएका हुन् (पन्त, २०७८, पृ. ३०) । यही कारणले नारीहरू आफ्नो जीवनका महत्त्वपूर्ण निर्णय लिनबाट वञ्चित छन् । धरावासीले *राधा* उपन्यासमा पनि यही विषयलाई नारीपात्रहरूका माध्यमबाट प्रस्तुत गरेका छन् । यसमा पितृसत्ताकेन्द्री विचारका प्रतिनिधि पात्र कृष्ण, नन्दबाबा र वासुदेव हुन् । उनीहरूले नारीका विचारको सम्मान नगरेको र एक वचन पनि सोध्न नचाहेको विषयलाई पनि यसमा प्रस्तुत गरिएको छ । नन्दबाबा र वासुदेवले आफ्ना बालक साटासाट गर्दा पनि देवकी र यशोदालाई सोधिएको छैन । यस सन्दर्भमा उपन्यासमा यशोदाले नन्दसँग भनेको निम्न अंश उल्लेखनीय छ :

> मैले चाहिँ आफ्नो शरीर पनि आफ्नो नभनी तपाइँको मानी आउँदा पनि तपाईंले भने मलाई घरमा पालेको भैँसीजत्तिको पनि इज्जत दिनुभएको रहेनछ नि ! म त तपाईंको जीवनमा एक भौतिक पदार्थ मात्र, घरायसी सामान मात्र, तपाइँको इच्छाको उपभोग्य वस्तु मात्र बनेकी रहिछु । तपाईंले मेरो पोल्टामा जे हाल्नुहुन्छ, त्यसैलाई हुकाइदिने म त त्यस्तो कुखुरा रहिछु, जसले आफ्नो र अर्काको अन्डा पनि चिन्दैन र पखेटाले छोपी बस्दछ (धरावासी, २०६२, पृ.८१) ।

वास्तवमा नारीले आफ्नो कोखबाट जन्माएको शिशुमा पुरुषको सम्पूर्ण हकको दाबी हुनु पितृसत्ताकेन्द्री विचारधाराको प्रभाव हो । यही प्रभावकै कारणबाट नन्दबाबा र वासुदेवले आफ्ना पत्नीहरूलाई छोराछोरी साटासाट गर्दासम्म पनि एकवचन सोधेका छैनन् । यति मात्र नभएर आफ्नै पत्नीहरूलाई अविश्वास गरेर कुरा फुत्कने डर मनमा पलाएको अवस्था देखिन्छ । यस किसिमको वातावरण सिर्जना हुनुमा पूर्णतः समाजमा पितृसत्ताकेन्द्री विचारको प्रभाव हो । त्यस्तै पुरुषहरूकै बोलवाला चलिरहेको र नारीलाई दोस्रो दर्जाको ठानिएको तत्कालीन समाजमा राधाको इच्छा, आकाङ्क्षालाई मात्र होइन रुक्मिणीको भावनाको पनि कृष्णले कदर गर्न सकेका छैनन् । रुक्मिणीले पनि पितृसत्तात्मक व्यवस्थाको ‘ मर्दका दशओटी’ भन्ने मान्यतालाई स्वीकार गरी कृष्णका पत्नी सोह्र हजार सात सय सात जना हुँदा पनि सहज स्वीकार गरेकी छिन् तर धेरै समयपछि रुक्मिणीलाई पनि यो पितृसत्तात्मक सामाजिक व्यवस्थाको उपज भएको बोध भएको छ। उनले यस्तो प्रवृत्तिको सुरुमै विरोध नगरेकाले यो अवस्था भएको स्वीकार गरेकी छन् । यस सन्दर्भमा उपन्यासमा रुक्मिणीको निम्नलिखित भनाइ सान्दर्भिक छ :

> पत्नी भनेको पतिको भोग्या होइन, उनको पूर्णताको आधार रूप हो भन्ने बुझाउन सकिनँ । अनि तिनै नारीहरू यौनसामग्री जस्तो ठान्न थाले । आरक्षणका नाममा, संरक्षण र अभिभावकत्वका नाममा, अरक्षिताका नाममा हरेक दुःखी नारीलाई पत्नी स्वीकार गर्दै गए । आज यो नगरभरि कृष्णका पत्नीहरूको सङ्ख्या मात्र मबाहेक सोह्र हजार एक सय सात जना छन् (धरावासी, २०६२, पृ. २११) ।

समाजमा पितृसत्ताकेन्द्री विचारको प्रभावका कारण नारीले पुरुषको नराम्रो कामको पनि प्रतिकार गर्न नसकेको अवस्थालाई उपन्यासकारले पौराणिक विषयका आधारमा प्रस्तुत गरेका छन् । वर्तमानमा पनि पितृसत्तामा आधारित विचारधारा तथा मूल्यमान्यताकै आडमा नारीहरूलाई आफ्नो अनुकूल उपयोग गरिरहेको अवस्था छ। त्यस्तै उपन्यासमा राधाले आफ्ना चाहनाहरूलाई निमिट्यान्न पारेर जीवनका सम्पूर्ण समय केवल कृष्णलाई चाहेर, कृष्णप्रति समर्पित भएरै जीवन बिताएको विषयवस्तुले पनि पितृसत्ताकेन्द्री विचारको प्रभाव समाजमा विद्यमान रहेको प्रस्ट हुन्छ। यही सामाजिक संरचनाबाट निर्मित प्रभावलाई राधाले केही विरोध गरे जस्तो उपन्यासको अन्त्यमा देखिएको भए पनि स्वीकार गरेको विषय हो। तसर्थ धरावासी यस उपन्यासमा पितृसत्ताकेन्द्री विचारको प्रभावलाई सूक्ष्म ढङ्गबाट प्रस्तुत गर्न सफल छन्।

## ३.२ पितृसत्ताको सहमतीय पद्धतिमा नारी

पितृसत्ताले लैङ्गिक रूपमा असमानता कायम राख्ने भूमिका निर्वाह गरेको हुन्छ । पितृसत्ताकै आडमा निर्मित विभिन्न सामाजिक, सांस्कृतिक तथा राजनीतिक मूल्यमान्यताका आधारमा नारीलाई आफ्नो विचारसँग सहमत हुने वातावरण तयार गरिन्छ। ग्राम्सीको विचारमा प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्वको अक्षुण्णताका निम्ति वैधानिक रूपमै यस्तो सहमति निर्माण गर्छ जसलाई शासितहरू सहज, स्वाभाविक र वैध रूपमा लिन्छन् (गिरी, २०७०, पृ. २३)। यस उपन्यासमा पनि राधाको कृष्णप्रति आसक्ति रहेको छ भने कृष्णलाई राधाका बारेमा वास्ता रहेको देखिँदैन । राधाको चरित्रमा पुरुषसत्तावाट निर्मित सहमतीय स्वभाव स्वाभाविक देखिन्छ। “मलाई लाग्यो म स्वयम्मा केही पनि होइन, म जेजति हुँ सबै कृष्णका कारणले हुँ, कृष्णको इच्छाकी हुँ। मेरो समर्पणले मलाई मुरली बनाएको छ। म अब फुकिन्छु कृष्णको साससे, कृष्णका औंलाहरूले म बज्दछु” (धरावासी, २०६२, पृ. २२) भन्ने उपन्यासमा राधाको भनाइबाट पनि राधा सहमतीय रूपमा कृष्णलाई स्वीकार गरेको विषय प्रस्ट हुन्छ।

उपन्यासमा राधा पूर्ण रूपमा कृष्णप्रति समर्पित छिन् । आफू कृष्णमा निहित रहेको र उनमा आफ्नो सम्पूर्ण जीवनको सार भएको राधाले ठानेकी छन् । यस्तो विचारलाई मानसिक रूपमा स्थापित गर्नु भनेको ऐतिहासिक रूपमा निर्मित मूल्यमान्यताहरूको पनि उपज हो साथै यो पुरुषप्रधान समाजबाट निर्मित मूल्यमान्यता र विचारधाराको प्रभाव पनि हो । राधा जीवनभर कृष्णलाई माया, प्रेम गरेर उनैमा समर्पित भएर बस्ने निर्णयमा पुग्ने तर कृष्णले नारीको भावनामा खेल्ने र राधाप्रति समर्पित हुन किन नसक्ने ? भन्ने प्रश्न नै पितृसत्ताको सहमतीय पद्धति हो, जसबाट नारी पुरुषमा समर्पित हुने मान्यता स्थापित गरेको देखिन्छ ।

## ३.३ उपभोग्य साधनका रूपमा नारी

सदियौँदेखि पुरुषले नारीलाई धार्मिक, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताका आडमा उपभोग गर्दै आइरहेका छन् । पुरुषले नारीलाई भोग गर्नका निमित्त विभिन्न उपाय निर्माण गर्छन् । *राधा* उपन्यासमा पनि राधा पूर्ण रूपमा कृष्णप्रति समर्पित छन् भने कृष्णले युद्धका क्रममा सोह्र हजार एक सय आठ जना नारीलाई उपभोग गरेको उल्लेख गरिएको छ । समाजमा नारीलाई उपभोग गर्नका लागि विभिन्न मान्यता निर्माण गरिन्छ । शरीर उपयोग गर्ने नीतिको परिणति समाजमा मर्दकी दशवटी भन्ने मान्यता स्थापना गरेको छ (पौड्याल, २०७७, पृ. १४८) । यही आधारमा कृष्णले जति ओटीसँग सम्बन्ध राखे पनि उनलाई वीर पुरुषकै रूपमा मानिएको छ र राधासहित अन्य नारीलाई साधनका रूपमा ठानिएको छ ।

हरेक मानिसको शरीर मानव समाजमा वस्तुका रूपमा परिभाषित भएको छ र त्यसको उपयोग गर्ने कला मानव व्यवहारमा प्रकट भएको छ । समाजमा नारीका शरीरलाई उपभोग्य साधन ठानेर उपभोग गर्ने प्रवृत्ति अधिक देखिन्छ । उपन्यासमा पनि राधा कृष्णमा समर्पित भएकी छिन् भने कृष्णले उनको प्रेम, आदर्श तथा विश्वासलाई कुल्चँदै उपभोग्य साधन ठानेका छन् । यस्तो अवस्थामा राधामा विभिन्न किसिमका विचारहरू उत्पन्न भएका छन् । राधाले आफ्नी आमासँग पौराणिक र सामाजिक सन्दर्भलाई जोड्दै "के गलत हुन्छ र माता ! एउटा पुरुष अनेक नारीको उपभोग गर्दछ । यति भनेपछि एउटी पत्नीको हुनुपर्ने होइन र ? नारीले भने एउटा पुरुषमा आफ्ना सारा आदर्श र इच्छाहरू सीमित गर्नुपर्ने तर पुरुषलाई त्यो लागू नै नहुने, यो मान्यता के पुरुषले नै बनाएको होइन र ?" (धरावासी, २०६२, पृ. १४८) भनी सोधेकी छन् । यो प्रश्नले राधाको मानसिकतामा विचारको मन्थन भएको देखिन्छ । उनी कृष्णलाई तत्कालै त्याग्न पनि सकेकी छैनन् र पूर्ण स्वीकार गर्न पनि नसकेको अवस्था छ ।

वास्तवमा उपन्यासमा प्रस्तुत राधामा विचारको उतारचढावको यो अवस्थाले नारीको मानसिकतामा पनि केही परिवर्तन भएको सङ्केत समेत गरेको छ तर यसले पितृसत्ताबाट उपभोग्य साधन बनेको परिवेशलाई पनि दर्साएको छ । यस आधारमा पुरुषद्वारा निर्मित मूल्यमान्यता तथा विचारधाराबाट आफ्ना इच्छाहरू सीमित बनाउनुपर्ने र शरीर पुरुषका लागि भोग्य साधन बनाउनुपर्ने जस्ता अत्याचार नारीले खेप्दै आएका छन् । नारीलाई घरको चार कुनामा सीमित राखेर उनीहरूका सम्पूर्ण इच्छा र आकाङ्क्षालाई कुल्चिएको छ । नारीहरू पितृसत्तात्मक विचारधाराकै विभिन्न मूल्यमान्यतालाई स्वीकार गरेर आफू पुरुषका भोग्या साधन बनेका छन् । पौराणिक कालका राधा, कुन्ती, द्रौपदी, एकनंशा, भ्रातृ जस्ता सबै नारी पात्रहरूले पुरुषबाट कुनै न कुनै पीडा सहन बाध्य हुनुपरेको थियो भने त्यस्तो अवस्था अहिलेको समाजमा पनि विद्यमान छ (लामिछाने, सन् २०२२) । यस विषयलाई आफ्ना बाबासित राधाले गरेको प्रसङ्ग पनि मेल हुन्छ । "बाबा ! यो संसारमा सबैभन्दा ज्यादा अत्याचार खपिरहेकी भनेकी नारी नै हो । पुरुषहरूले भोग्नकै निम्ति मात्र हो । नारी शरीरझैँ ठानेका छन् । दाजु, बाबु, छोरा, कोही पनि नारीका संरक्षक छैनन् भोक्ता मात्र छन् ।

तिनीहरूका नजरमा प्रत्येक नारी भोग्यसामग्री मात्र हो" (धरावासी, २०६२, पृ. १६४) भनेर *राधा*ले गरेको संवादले पनि नारी सबै अन्याय सहेर एउटा साधनको रूपमा प्रयोग भएको देखिन्छ । यो अवस्था नारी आफ्नो शरीर पुरुषका लागि समर्पण गर्नुपर्ने वैधानिक चलन स्वीकार गरी उपभोग्य वस्तु बनेको परिस्थिति पनि हो ।

*राधा* उपन्यासमा नारीलाई उपभोग्य साधनका रूपमा समाजमा हेरिएको विषयलाई प्रत्यक्ष रूपमा प्रस्तुत छ । नेपाली समाजमा नारीलाई दमन, शोषण र विभेद गरी किनारीकृत बनाइएको छ । पुरुष मानसिकताद्वारा सिर्जित नारीलाई दोस्रो दर्जाका रूपमा हेरिने र उपभोग्य साधन ठानेर प्रयोग गर्ने प्रावधान परापूर्वकालदेखि नै कायम गरिएको थियो । यस विषयलाई उपन्यासमा ऐतिहासिक रूपमा समावेश गरी नारीमा पितृसत्ताकै विविध मूल्य, मान्यता तथा विचारका आधारमा उपभोग्य साधन बनाइएको छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

## ३.४ पितृसत्तामा अधीनस्थ नारी

पितृसत्ताको विचारधारामा नारीलाई अधीनस्थ बनाइएको हुन्छ । विभिन्न सामाजिक मूल्यमान्यता पुरुषकै केन्द्रीयतामा निर्माण गरेर त्यसलाई स्वीकार गर्न पनि लगाइएको हुन्छ । सांस्कृतिक जीवनमा महिला र पुरुषलाई हेर्ने अवधारणा र व्यवहारमा रहेको भेदभावले पुरुषलाई मालिक र पहिलो दर्जाको अनि महिलालाई नोकर वा दोस्रो दर्जाको स्थानमा राखिएको छ (कक्षपति, २०७८, पृ. ४८) । यही स्थानलाई स्वीकार गराउन विभिन्न नियम, कानुन तथा मूल्य निर्माण गरिएको हुन्छ र विभिन्न बहानामा पुरुषको प्रभुत्व स्वीकार गर्न बाध्य बनाइएको हुन्छ । *राधा* उपन्यासमा एकातिर राधा र अन्य गोपिनीहरूले कृष्णको अधीनस्थता स्वीकार गरेका छन् र आफूलाई समर्पण गरेका छन् भने अर्कोतर्फ माता कुन्तीलाई पनि पितृसत्तालाई प्रत्साहन गर्ने नारीका रूपमा प्रस्तुत गरिएको छ । नारीहरू नारीबाट पनि सुरक्षित छैनन् भन्ने विषय कुन्तीको चरित्रबाट स्पष्ट भएको छ । नारीलाई पुरुषले मात्र होइन महिलाले पनि अधीनस्थ बनाएका छन् र आफ्नो स्वार्थका लागि प्रयोग गरेका छन् । उपन्यासमा कुन्तीले आफू नारी भएर पनि द्रौपदीलाई अन्याय गरेकी छन् । उनले अर्जुनले विवाह गरेर ल्याएकी द्रौपदीलाई पाँचै जनामा बाँड्न भनेर एउटी नारीको अस्तित्व र जीवनको अर्थ समाप्त पारी सबैलाई उपभोग गर्ने स्वीकृति प्रदान गरिन् । नारी भएर पनि पितृसत्तालाई प्रोत्साहित गरी आफू अधीनस्थ हुँदै द्रौपदीलाई पनि अधीनस्थता स्वीकार गर्न लगाइन् । यस पौराणिक विषय प्रस्ट पार्न कुन्तीका माध्यमबाट उपन्यासमा प्रस्तुत भएको "अहिले हाम्रो यस्तो अवस्थामा यो विवाह गर्न नहुने थियो । त्यसमा पनि जेठो, माइलो बाँकी हुँदाहुँदै साइँलोको विवाह हुन सक्दैन । कौरवहरूले समाप्त गर्न खोजिरहेका बेला तिमीहरूले विवाह गरी बाँडिनुहुँदैन । एक भएर यो अन्यायविरूद्ध लड्नुपर्छ । तसर्थ मेरो भनाइ मान, तिमीहरू पाँचै जनाले द्रौपदीलाई पत्नी स्वीकार" (धरावासी, २०६२, पृ. २३७) भन्ने उक्ति सान्दर्भिक छ । यो सन्दर्भ नारीलाई सामाजिक, सांस्कृतिक रूपमा अधीनस्थ बनाएको विषय हो । एउटी नारी कसरी पुरुषप्रधान समाज तथा पितृसत्तालाई प्रोत्साहन गर्न आफैँ अधीनस्थ भएर अन्य नारीलाई पनि सहजै अधीनस्थता स्वीकार गर्न तल्लीन हुन्छे भन्ने यसबाट प्रस्ट हुन्छ ।

*राधा* उपन्यासमा नारी पात्रहरूका समस्यालाई प्रस्तुत गरी पितृसत्ताकै आडमा अधीनस्थ बनाएका विभिन्न विषय रहेका छन् । व्रजमा यशोदाको कोखबाट जन्मिएकी एकनंशाले पूरा जीवन द्वारिकामा कैद भएर बिताउनुपर्ने कारण पितृसत्ता थियो । उपन्यासकी प्रमुख पात्र राधामा विविध समस्या र पीडाहरू देखिन्छन् । राधाले कष्णलाई पवित्र प्रेम गर्दागर्दै पनि सामाजिक बन्धनमा तथा पुरुषसत्तामा आधारित विविध मूल्यमान्यताकै कारण सुखी जीवन बिताउन पाएकी छैनन् । उनले एकातिर स्वअस्तित्वको खोज पनि गरेकी छन् भने अर्कोतर्फ पितृसत्तामा अधीनस्थ भएर जीवन बिताउन बाध्य भएकी छन् । यस्ता सन्दर्भहरूले *राधा* उपन्यासमा नारी अधीनस्थ बनेका छन् भन्ने प्रस्ट हुन्छ ।

## ३.५ पितृसत्ताको विरोध र अस्तित्वरक्षामा नारी

नारीवादी विचारले पितृसत्ताको विरोध र नारी अस्तित्वरक्षाको विषयको उठान गर्छ। नारीवादी आन्दोलनको तेस्रो चरणमा आइपुग्दा नारीमा भएका विविध किसिमका विभेदको अन्य गरिनुपर्छ र नारीका समस्यालाई एकीकृत रूपमा नबुझी विभिन्न ठाउँ, परिवेश, परिस्थिति, सामाजिक संरचना आदिका आधारमा पहिल्याउनुपर्छ भन्ने मान्यता अगाडि आएको छ। यी मान्यताहरू स्थापित हुँदै आए पनि हाम्रो सामाजिक संरचनामा नारी र पुरुषलाई हेर्ने र गरिने व्यवहारमा खासै परिवर्तन भएको देखिँदैन। महिला र पुरुषको व्यक्तित्वलाई असमानताका कोणबाट हेरिँदै र व्यवहार गरिँदै आएको छ। त्यसको प्रक्षेपण परिवारभित्र पति र पत्नीबिचको सम्बन्धमा भएको देखिन्छ। त्यसअनुसार भइरहेको व्यवहार वा पति मालिक र पत्नी नोकर जस्तो भएर गरिँदै आइरहेको व्यवहारबाट पतिबाट पत्नी सधैँ पीडित भइरहेको अवस्था आजसम्म विद्यमान छ (कक्षपति, २०७८, पृ. ६१)। यस्तो अवस्थामा परिवर्तनका बाटाहरू खोलिनुपर्छ भन्ने विचार धरावासीले नारी पात्रहरूका माध्यमबाट उपन्यासमा प्रस्तुत गरेका छन्। उपन्यासमा यशोदालाई नन्दजीले आफूलाई जानकारी नै नदिई छोरी साटेर ल्याएको र थाहा भएपछि नारीको अस्तित्वलाई स्वीकार नगरेकोमा प्रतिकार गरेको विषयलाई यसरी प्रस्तुत गरिएको छ :

> यत्रो ऐतिहासिक यात्रामा मैले कृष्णको ओठमा आफ्नो दूधको मुन्टो राख्दै गर्दा र त्यसलाई उसले चुस्दै गर्दा पनि एक महान् कार्यका लागि छोरीको बलिदान दिएर अत्याचारका विरुद्ध लड्ने योद्धा हुर्काउँदै गरेको आत्मगौरव त गर्न पाउँथेँ। यस युद्धमा मेरो पनि लगानी भइरहेको छ भन्ने सन्तोष त लिन पाउँथे। कंसद्वारा वध नगरिएकी पुत्रीलाई म आफ्नै अर्को फाँचो पान गराएरै हुर्काउन पनि त सक्थेँ। हे शङ्कालु, अविश्वासी, दम्भी पुरुष ! तिमीले मेरो सारा जीवनलाई निरर्थक र पत्रु बनाइदियौ। मलाई कहीँको हुन दिएनौ। (धरावासी, २०६२, पृ. ८१)

वास्तवमा यो नारीलाई विश्वास नगरी अस्तित्व स्वीकार नगरेको विषय हो। यशोदाले नन्दजीलाई भनेका यी वाक्यहरूले नारीका विषयमा पुरुषले सामाजिक रूपमा नारीलाई कुन दृष्टिकोणबाट हेर्दो रहेछ भन्ने आधार पनि हो। त्यसैले नारीलाई मनुष्यका रूपमा नहेर्ने सामाजिक व्यवहारको विरोध यशोदाका माध्यमबाट गरिएको छ। त्यस्तै राधाकी आमाले पनि आफ्नी छोरीको स्वनिर्णयलाई स्वतन्त्रताको विषय हो भनेकी छन्, जस्तै :

> हामीले छोरीलाई केवल सन्तान जन्माउने यन्त्रजस्तो मात्र मान्ने गरेका छौँ। पुरुषहरूबाट भोगिने र त्यसको परिणमले गर्भवती भई सन्तान जन्माउने एउटा गतिहीन यन्त्रजस्तोबाट छोरीहरूलाई मुक्त गरी स्वनिर्णय गर्ने हक दिनुपर्छ। आफ्नो सुरक्षा गर्न र आफ्नो निर्णयमा जीवन चलाउन तिनीहरूलाई छोडिनुपर्छ। मैले पनि त एक मात्र मेरो बाँच्ने सहारा भएकी छोरीलाई उसको स्वनिर्णयमा छोडिदिएकी छु। उसले आफ्नो जीवनलाई जसरी लान चाहन्छे लैजाओस्। हाम्रा दबाबहरूबाट ऊभित्र किन कुण्ठा भरिदिनु ? (धरावासी, २०६२, पृ. १७५)

वर्तमान समाजमा पनि नारीको विषयलाई त्यति गम्भीर रूपमा हेरिएको छैन। त्यसलाई उपन्यासकारले पौराणिक पात्रहरूकै माध्यमबाट सहज रूपमा नारीका हरेक स्वतन्त्रताका विषयहरूलाई महत्त्वका साथ प्रस्तुत गरेका छन्। यसमा मूलतः राधाले भोगेको जीवनका भोगाइ र अस्तित्वबोधका माध्यमबाट पनि पितृसत्ताको विरोधको विषयलाई उठान गरिएको छ। यसमा पुराणमा बाल्यकालसम्मको सामान्य भूमिकामा भगवतीका रूपमा चित्रित राधाको चरित्रलाई लामो भूमिका प्रदान गरी समकालीन समाजका पुरुषहरूको अपहेलनाले पीडा भोग्न बाध्य भई त्यस्तो संरचना भत्काउन सङ्घर्षको अभियानमा जुटेकी नारी चरित्रका रूपमा विनिर्माण गरिएको छ (लामिछाने, सन् २०२२)। त्यसका लागि

धरावासीले उपन्यासमा कृष्णले राधालाई राधाभवन उपहार दिएको तर राधाले त्यसलाई सधैँका लागि स्वीकार नगरी वैष्णवी भएर बस्ने र भौतिक सुखसुविधा त्याग्ने निर्णय गरेको घटना निर्माण गरेका छन् । यस प्रकारको आख्यानात्मक संरचना नारीमा देखिएको विरोध र आफ्नो अस्तित्वका लागि दुःख भए पनि भोग्न तयार रहेको अवस्था हो । त्यसका निम्ति यस उपन्यासमा प्रयुक्त राधाले भनेको “मैले कृष्णका समीप बस्नु नै आफूलाई समाप्त गर्नु हो । म यहाँ बस्नु भनेको कृष्णको रखैलका रूपमा रहनुपर्छ अब तिनले मलाई शारीरिक दुरूपयोग गर्न नसक्लान् तर समाजको नजरमा म कृष्णकी सोह्र हजार एक सय नवौँ पत्नी हुन सक्दिनँ” (धरावासी, २०६२, पृ. २३०) विचार सान्दर्भिक हुन्छ ।

*राधा* उपन्यासमा महाभारतको पुनर्लेखन गरी परम्परागत अवधारणालाई भत्काउने काम गरिएको छ । यसमा पितृसत्ताको विरोध गरेर नारी स्वतन्त्रता र मुक्तिका पक्षमा आवाज उठाइएको छ । नारीहरू पौराणिक कालदेखि पुरुषसत्ताको अधीनमा रहेका हुनाले मूलतः राधाले आफ्नो अस्तित्वरक्षाका लागि भिक्षुणी भएर बसेको र पुरुषसत्ताको विरोधमा आवाज उठाएको विषयवस्तु रहेको छ। पुरुषहरूले नारीलाई नर्तकी, पत्नी, प्रेमिका बनाएर जहिले पनि आफ्नो हितमा मात्र प्रयोग गरेको भन्दै यस अवस्थामा परिवर्तन ल्याउन नारीहरू आफैँ जागरुक र चेतनशील हुनुपर्ने विचार उपन्यासमा व्यक्त भएको छ (लामिछाने, सन् २०२२) । उपन्यासमा राधा द्वारिकामा नबसी वैष्णवी हुनु नारीत्वको बोध हुनु हो र पितृसत्ताको विरोध साथै नारीको अस्तित्वरक्षाका लागि लिएको ठोस निर्णय पनि हो । अतः नारीहरूले समानताका लागि पितृसत्तात्मक विचारधाराका विरुद्धमा आवाज उठाई स्वअस्तित्वका साथ बाँच्नका लागि समाज परिवर्तन गर्नुपर्ने विचार यस उपन्यासमा व्यक्त भएको छ ।

## ४. निष्कर्ष

कृष्ण धरावासीको *राधा* उपन्यासमा धार्मिक महत्त्वसँग सम्बद्ध पुराणमा उल्लिखित विषयलाई विनिर्माण गरिएको छ । यसमा पुराणको कथा, चरित्र, परिवेश र विचारलाई कलात्मक तवरले पितृसत्तात्मक विचारधाराका कोणबाट पनि सशक्त रूपमा प्रस्तुत गरिएको छ । एकातर्फ युद्ध र प्रेमलाई हेर्न खोजिएको छ भने अर्कोतर्फ नारीहरूलाई कसरी पितृसत्ताको आडमा अधीनस्थ बनाई उपयोग गरिन्छ भन्ने विषयलाई समेटिएको छ। धरावासीले पौराणिक ग्रन्थमा नारी पात्र राधाको अस्तित्वलाई महत्त्व नदिएको हुनाले इतिहासले ओझेलमा पारिएकी नारीको समस्यालाई विषयवस्तु बनाए। यस उपन्यासमा राधालगायत अन्य नारीहरूले पितृसत्ताका कारणबाट भोगेको शारीरिक र मानसिक पीडालाई सबल रूपमा प्रस्तुत गरिएको छ। एउटी नारी छोरी, बुहारी र आमा हुँदा निर्वाह गर्नुपर्ने कर्तव्यलाई पितृसत्ताका मूल्यमान्यताले पुरुषकेन्द्री बनाएको छ । नारी र पुरुषमा विभेद, असमानता र अस्तित्वको समस्या हाम्रो समाजमा कायमै छ । नारी विभिन्न बहानामा अधीनस्थ बनाई पुरुषले उपभोग गरिरहेको छ । यस्ता प्रवृत्ति अन्त्यका लागि नारी स्वयम्ले सशक्त रूपमा आवाज उठाउनुपर्ने विचार यसमा प्रस्तुत छ । पितृसत्तात्मक सामाजिक संरचनामा नारी सचेत नहुँदा समाज न्यायपूर्ण बन्न नसकेको, पितृसत्तात्मक मानसिकता पुरुषमा मात्र नभई कुन्ती जस्ता नारीमा कायमै रहेको हुँदा नारी थप विभेदमा पर्ने पनि उपन्यासले सङ्केत गरेको छ। वर्तमान पितृसत्तात्मक प्रभुत्व कायम भएको सामाजिक संरचनामा नारीले विभिन्न कठिनाइ र दुःखपीडा भोगिरहे पनि आफ्नो अस्तित्वरक्षाका लागि साथै नारीजीवनको सारतत्त्व प्राप्त गर्नका लागि विद्रोह गर्नुपर्ने विचार यसमा अभिव्यक्त छ । समग्रमा प्रस्तुत उपन्यासमा समाजबाट पुरुषमा भोगवादी प्रवृत्ति र पुरुषवादी अहम्को अन्त्य गर्न र नारीले आफ्नो साथै समग्र नारी जातिकै मुक्ति तथा अस्तित्वरक्षाका लागि विद्रोहको आवाज उठाउनुपर्दछ भन्ने दृष्टिकोण रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बलराम (२०६१), *लैङ्गिक अध्ययन,* काठमाडौँ : नेशनल बुक सेन्टर ।

कक्षपति, सावित्री (२०७८), *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति,* काठमाडौँ : नेपाल पज्ञा-प्रतिष्ठान ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार', *भृकुटी,* १९, पृ. ११–४५ ।

घिमिरे, निमग्ना (२०७८), 'अर्की आइमाई उपन्यासको लैङ्गिक अध्ययन', *प्रज्ञा,* १२१, पृ. १२०–१२९ ।

त्रिपाठी, सुधा (२०७८), 'लैङ्गिक समानता र साहित्य', *समकालीन महिला समालोचना,* गोपीन्द्र पौडेल र बिन्दु शर्मा (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २३–३६ ।

धरावासी, कृष्ण (२०६२), *राधा,* ललितपुर : साभ्ना प्रकाशन ।

पन्त, साधना 'प्रतीक्षा' (२०७८), *समकालीन नेपाली नारी–आख्यानमा पहिचान र विद्रोह,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लामिछाने, बालकृष्ण (सन् २०२२, मे १७), 'धरावासीको राधा उपन्यासमा विनिर्माणवाद', *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/

लुइटेल, समिरा (सन् २००८), *जेन्डर स्टडिज,* काठमाडौँ : एकेडेमिक बुक्स सेन्टर ।

Butler, Judith (1990). *Gender Trouble*. New York: Rutldge Publication.

Estrella, Rea M., Teologo A., Bauga M., and Inocian R.B. (2019). Woman's Voices in the Images and Shadows of Patriarchy. *International Journal of Advanced Research (IJAR).* 7(1), 204-214. DOI: 10.21474/IJAR01/8314

Pilcher, J. and Whelehan, I. (2004). *50 Key Consept in Gender Studies.* London: SAGE Publication.